भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति

आज मिति २०८२ पुस २९ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको ९५ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मान बहादुर ठाडा | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत (अधिकृतस्तर सातौं) |
| श्री सरीता हमाल | सूचना प्रविधि अधिकृत |
| श्री तिलविर पुनमगर | प्रशासन सहायक |
| श्री धनसरा वि.क. | कार्यालय सहयोगी |

CamScanner

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | भवन तथा संरचना निर्माण अभिलेखिकरण सम्बन्धमा। |
| २. | LISP परियोजना अन्तर्गतका योजना सम्बन्धमा। |
| ३. | संघीय समपुरक र विशेष अनुदान योजनाहरु सिफारिस सम्बन्धमा |
| ४. | विविध सम्बन्धमा। |

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मिति ........................

## मिति २०८२।०९।२९ गतेको ९५ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः

**प्रस्ताव नं. १: भवन तथा संरचना निर्माण अभिलेखिकरण सम्बन्धमा।**

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि २०८१ बमोजिम भेरीगंगा नगरपालिका क्षेत्र भित्रका पूर्व निर्मित भवन तथा संरचनाहरुको अभिलेखीकरण तथा नियमित गर्ने कार्य सन्चालन गर्न दोस्रो चरणका लागि २०८३ असार मसान्तसम्म समयावधि राखी निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने र पूर्व निर्मित भवन तथा संरचनाहरुको अभिलेखीकरण तथा नियमित गर्ने कार्य सन्चालन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

**प्रस्ताव नं. २ : LISP परियोजना अन्तर्गतका योजना सम्बन्धमा।**

**निर्णय नं. २ :** आव २०८२।०८३ का लागि LISP परियोजना अन्तर्गतका योजनाहरुको टेन्डर गरेर बाँकी रहेको रकमबाट काम बाँकी रहेका लगायत तपसिल अनुसारका योजनाहरुमा तपसिल अनुसारको बजेट बिनियोजन गरी उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना | LISP परियोजनाबाट बिनियोजित बजेट रु. | नगरपालिकाबाट बिनियोजित बजेट रु. | जम्मा बजेट रकम रु. |
|---|---|---|---|---|---|
| १ | बसेरी देखि धनुवास सडक स्तरोन्नती | भेरीगंगा १ | ० | ० | ० |
| २ | सिस्नेरी काल्पानी चैते सडक स्तरोन्नती | भेरीगंगा २ | ५११५०९ | ५११५०९ | १०२३०१८ |
| ३ | आँपसोती धानखोरीया सडक स्तरोन्नती | भेरीगंगा ३ | २४११५८ | २४११५८ | ४८२३१६ |
| ४ | वडा कार्यालयदेखि तोलीपुलसम्म सडक स्तरोन्नती | भेरीगंगा ४ | ८०७७५४ | ८०७७५४ | १६१५५०८ |
| ५ | बबई हात्तिखाल गेरुवानी घुईयाबारी सडक स्तरोन्नती | भेरीगंगा ५ | १६१४२५० | १६१४२५० | ३२२८५०० |
| ६ | लामाखाली देखि तिजुमुल सडक पक्की नाली निर्माण | भेरीगंगा ६ | ६५४४८६ | ६५४४८६ | १३०८९७२ |
| ७ | त्रिबेणी र नवज्योती टोल अधुरा अपुरा सिंचाई कुलो निर्माण | भेरीगंगा ७ | २१२३५५ | २१२३५५ | ४२४७१० |
| ८ | देउती प्रावि देखि नमूना टोल चौखेसम्म सडक स्तरोन्नती | भेरीगंगा ८ | ४९१२८८ | ४९१२८८ | ९८२७७६ |
| ९ | लेकबेसी टोल देखि प्रभात प्रावि हुँदै नाच्ने खोला पुल जोड्ने सडक स्तरोन्नती | भेरीगंगा ९ | ६७५०३० | ६७५०३० | १३५००६० |
| १० | वडा कार्यालय जाने बाटोदेखि झिलमिले रिङरोड कालोपत्रे तथा पक्की नाली निर्माण | भेरीगंगा १० | ४६९७८३ | ४६९७८३ | ९३९५६६ |
| ११ | छिन्चु जाजरकोट सडक देखि गोठेरी र लापनीको घर देखि उत्तीसपानीको घरसम्म सडक स्तरोन्नती | भेरीगंगा ११ | ६०६९१५ | ६०६९१५ | १२१३८३० |
| १२ | गणेशपुर टोलमा बाँकी रहेका सडकहरु मर्मत तथा स्तरोन्नती | भेरीगंगा १२ | ४४४४५२ | ४४४४५२ | ८८८९०४ |
| १३ | आँपखोली डिपबोरिङ सिरुचौर नयाँ टंकी हुँदै डाङगी टंकी तथा ज्यामिरे राजि रामपुर लिफ्ट सिचाई योजना | भेरीगंगा १३ | ३७९७६१ | ३७९७६१ | ७५९५२२ |
| १४ | बजार क्षेत्र सडक वृक्षारोपण तथा सडक सोलार बत्ती जडान | भेरीगंगा | ४३५२१३ | ४३५२१३ | ८७०४२६ |

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मिति

**प्रस्ताव नं. ३ : संघीय समपुरक र विशेष अनुदानका आयोजनाहरु सिफारिस सम्बन्धमा।**

**निर्णय नं.३ :** राष्ट्रिय योजना आयोगको सुचना अनुसार यस भेरीगंगा नगरपालिकाबाट आगामी आ.ब २०८३।०८४ का लागि तपसिलबमोजिमका संघीय समपुरक र विशेष अनुदानका योजनाहरु छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(क) संघीय समपुरक अनुदानतर्फ प्राथमिकीकरण गरि सिफारिस गरिएका योजनाहरु

| क्र.सं. | योजनाको नाम र ठेगाना | कुल लागत रकम रु. | नगरपालिकाले व्यहोर्ने रकम रु. (५०%) | संघीय अनुदान रकम रु. (५०%) | कैफियत |
|---|---|---|---|---|---|
| १. | बबइहात्तिखाल गेरुवानी घुड्याबारी सल्यान सडक स्तरोन्नती भेरीगंगा ५ | रु. २ करोड | रु. १ करोड | रु. १ करोड | |
| २. | छिन्चु डुँगीखोला लेखपराजुल सडक स्तरोन्नती भेरीगंगा ३ | रु. २ करोड | रु. १ करोड | रु. १ करोड | |
| ३. | छिन्चुजाजरकोट सडक देखि कुइरे हुँदै ७ नं जोड्ने सडक स्तरोन्नती भेरीगंगा ८ | रु. २ करोड | रु. १ करोड | रु. १ करोड | |

(ख) विशेष अनुदानतर्फ प्राथमिकीकरण गरि सिफारिस गरिएका योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं | रकम रु |
|---|---|---|---|
| १. | उपप्रमुख स्वरोजगार कार्यक्रम सन्चालन | | ३ करोड |
| २. | विद्यालय शैक्षिक सामग्री कम्प्यूटर डिजिटल बोर्ड प्रयोगशाला निर्माण उपकरण पुस्तकालय व्यवस्थापन | | २ करोड |
| ३. | आधारभूत स्वास्थ्य केन्द्र हेर्रे भवन निर्माण | | १ करोड |

CamScanner

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमाणिकरण अधिकृत
प्रमाणिकरण मिति ..........................

**प्रस्ताव नं. ४ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ४ (क)** यस भेरीगंगा नगरपालिकाको राजश्व परामर्श समितिको बैठकबाट निर्णय भई आएका तपसिलबमोजिमका निर्णयहरुलाई स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

(१) यस भेरीगंगा नगरपालिकाको स्थानीय पाठ्यक्रमको पाठ्पुस्तक छपाईका लागि ईकपी सहित अनुमति दस्तुरका लागि तपसिलबमोजिमको अनुमति दस्तुर लिने ।

१- कक्षा १ देखि ५ सम्म : प्रति कक्षा रु. १२ हजारका दरले ।

२- कक्षा ६ देखि ८ सम्म : प्रति कक्षा रु. १५ हजारका दरले ।

(२) कर्णाली प्रदेश सरकारको कार्यविधिमा स्थानीय तहले क्रसर उद्योग सन्चालन गर्न अनुमति दिन सक्ने व्यवस्था भए बमोजिम विभिन्न आयोजनाको अवधिभरका लागि भेरीगंगा नगरपालिका क्षेत्रमा अस्थायी क्रसर उद्योग तथा विटुमिन बोइलर राख्नका लागि रु. १ लाख २५ हजार रुपैयाँ अनुमती दस्तुर लिने र क्रसर उद्योग तथा विटुमिन बोइलरको वार्षिक कर रु. २५ हजारका दरले लिने ।

(३) यस भेरीगंगा नगरपालिका क्षेत्रमा रहेका टोल विकास संस्थाहरुले गर्ने विभिन्न किसिमका सिफारिस वापत रु. ५०। का दरले सिफासि दस्तुर लिन सक्ने ।

(४) यस भेरीगंगा नगरपालिकामा दर्ता भएका विभिन्न संघसंस्था, समूह, सहकारी संस्था, टोल विकास संस्था, खानेपानी संस्था लगायत नक्सापास प्रमाणपत्रको प्रतिलिपीको दस्तुर वापत रु. ५००। का दरले लिने ।

(५) यस भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १५ तथा अनुसुची १२ बमोजिम उल्लेख गरिएका विभिन्न शीर्षकको कवाडी, जडिबुटी तथा जीवजन्तु निकासी कर निर्धारण गर्न छुट भएका शीर्षक तथा अन्य दररेट तपसिल अनुसार कायम गर्ने ।

**तपसिल**

| क्र.सं. | सामानको नाम | ईकाइ | प्रस्तावित करको दररेट |
|---|---|---|---|
| १ | फलाम | प्रति केजी | रु. १ |
| २ | अन्य धातु | प्रति केजी | रु. २ |
| ३ | टिमुर | प्रति केजी | रु. १ |
| ४ | बाँसको घना | प्रति घना | रु. २ |
| ५ | पशु निकासी शुल्क (राँगा, खसी, बोका, भेडा, अन्य) | प्रति गोटा | रु. १० |
| ६ | सालको बियाँ | प्रति केजी | ५० पैसा |
| ७ | अन्य बनस्पती बियाँ | प्रति केजी | २० पैसा |
| ८ | साल, सिसौ, खयर काठ निकासी | प्रति ट्रक | रु. १००० |
| ९ | अन्य काठ निकासी | प्रति ट्रक | रु. ५०० |
| १० | खोटो | प्रति केजी | ५० पैसा |
| ११ | अदुवा निकासी | प्रति क्यून्टल | रु. १० |
| १२ | तेलजन्य पद्धार्थ निकासी | प्रति लिटर | रु. १ |
| १३ | अन्य जडीबुटी निकासी (निषेधित बाहेक) | प्रति केजी | ५० पैसा |
| १४ | ठुलो छाला | प्रति गोटा | रु. ४० |
| १५ | सानो छाला | प्रति गोटा | रु. १५ |

(६) यस भेरीगंगा नगरपालिकाको बजार क्षेत्र भित्र फोहरमैला शुल्क वापत तपसिल अनुसार शुल्क निर्धारण गर्ने ।

**तपसिल**

CamScanner

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मिति ..........

| क.सं. | फोहरमैला उत्पादन क्षेत्रको विवरण | प्रस्तावित शुल्क मासिक |
|---|---|---|
| १ | संस्थागत प्रा वि | रु ५००। |
| २ | संस्थागत नि मा वि | रु १०००। |
| ३ | संस्थागत मा वि | रु १५००। |
| ४ | सामुदायिक प्रा वि | रु ३००। |
| ५ | सामुदायिक नि मा वि | रु ५००। |
| ६ | सामुदायिक मा वि | रु ८००। |
| ७ | नरसिंङ्ग होम | रु १०००। |
| ८ | पोलीक्लिनिक | रु १०००। |

**निर्णय नं. ४** (ख) कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको मिति २०८२/०९/१७ गतेको  कर्णाली प्रदेशका स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह (OSSD) स्थापना तथा सञ्चालनका कार्यक्रम समावेश गर्ने सम्बन्धी सूचनाको जानकारी प्राप्त भई सो सम्बन्धमा यस भेरीगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालयले सो एकीकृत सेवा प्रवाह सञ्चालन गर्ने र सोका लागि तपसिलबमोजिमको क्षेत्रमा प्रतिवद्ध रहेको व्यहोरासहितको प्रस्ताव यस कार्यपालिकाको बैठकमार्फत प्रमाणिकरण गरि उक्त प्रतिष्ठानमा पठाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिल

१. एकीकृत सेवाप्रवाह स्थापना तथा सञ्चालनका कार्यक्रमका लागि यस भेरीगंगा नगरपालिकाको तर्फबाट लाग्ने लागत सहभागिताका लागि नगरपालिका प्रतिवद्ध रहेको।
२. उक्त सेवा सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न नीति तथा कार्यविधि समयमै निर्माण गर्नका लागि नगरपालिका प्रतिवद्ध रहेको।
३. उक्त सेवा सञ्चालनका लागि मर्मतसम्भार शीर्षकमा आगामी वर्षदेखि आवश्यक बजेट व्यवस्थापन गर्ने प्रतिवद्धता जनाउनुका साथै उक्त सूचनामा उल्लेख भएबमोजिमका अन्य पूर्वाधार तथा आधारहरु यस नगरपालिकामा रहेकोले समयमै प्रस्ताव पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ४** (ग) यस भेरीगंगा नगरपालिकाको सभाहलमा साउण्ड सिस्टम जडान गर्ने र आबश्यक कोठामा जिप्सन राख्ने साथै डिजिटल नागरिक वडापत्र राख्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** (घ) भूमि समस्या समाधान आयोग अन्तर्गत यस भेरीगंगा नगरपालिकाका १३ वटै वडामा पटक पटक भरिएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुको अनुसूचि फारमहरु सफ्टवयरमा प्रबिष्टी गर्न छुट भएका सबै नामनामेसीहरु तत्काल प्रबिष्टी गर्ने र सहि पहिचान भएका सबै निबेदकहरुलाइ अनुसूचि फारम भरेको निस्सा बितरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** (ङ) यस भेरीगंगा नगरपालिकाको वडा नं ५ गेरुवानीमा बाघको आकर्मणबाट मृत्यु भएकी गंगा सारुको परिवारलाइ रु ५० हजार राहात सहयोग दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** (च) यस भेरीगंगा नगरपालिका वडा नं ९ को जहरे काउण्टर महताराको घर देखि भेरी पुल जाने बाटो निर्माण गर्न बजेट बिनियोजन गरिएकोमा भेरी पुल नजिकै उक्त बाटो अवरोध भएको र पटक पटक छलफल र सुचना गर्दा पनि अटेर गरेकोले तत्काल सुचना प्रकाशन गर्ने र अवरोध हटाइ सडक निर्माण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** (छ) यस भेरीगंगा नगरपालिकाका बिभिन्न वडाबाट सिफारिस भइ आएका तपसिल अनुसारका योजनाहरुमा तपसिल अनुसार संसोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिल

१. गणेश स्मृति प्रतिष्ठान भवनमा फर्निचर बत्ति तथा आवश्यक फर्निचर खरिद योजना संसोधन गरी गणेश स्मृति प्रतिष्ठान भवन मर्मत फर्निचर बत्ती तथा आवश्यक फर्निचर खरिद भनी संसोधन गर्ने।
२. बोक्से सडक ग्राबेल तथा स्तर उन्नती वडा नं ३ को योजना उपभोक्ताबाट निर्माण गर्ने गरि खरिद योजना संसोधन गर्ने।
३. सुन्दर नेपाल संस्थासंगको सहलगानीमा यस अघि प्रश्तवा गरिएको भेरीगंगा नगरपालिको हान्नेसिमल लिफ्ट खानेपानी आयोजनाको मुहानमा समस्या भएकोले उक्त योजना संसोधन गरी भेरीगंगा ४ कै र्हे मसिनामा रहेको ठुलो गोगन खोली सोलार लिफ्ट खानेपानी योजना निर्माण गर्ने।

CamScanner